| ५ | २० स्क्वायर फिट देखि ३० स्क्वायर फिट सम्म | ५००।- | |
| ६ | वाल पेन्टिङ प्रति स्क्वायर फिट | ५।- | |
| ७ | ग्लो साइनबोर्ड प्रति स्क्वायर फिट | २५।- | |
| ८ | पोल ब्यानर हप्ताको प्रति स्क्वायर फिट | १०।- | |
| ९ | मदिरा तथा सुर्तिजन्य मा थप ५० प्रतिशत कर लाग्ने | | |

अनुसूची ८ः

ऐलानी,सार्वजनिक जग्गा वा बाटाको छेउमा अस्थायी पसल थाप्न दिए बापत निम्नानुसार कर लिईनेछ ।

(क) टहरो, छाप्रोको मासिक : रु.२०।-

(ख) घुम्ती मासिक : रु.१५।-

(ग) घुमन्ते व्यापारी दैनिकः रु. १०।-

अनुसूची ९ः

| क.सं | विवरण | रु. | कैफियत |
|---|---|---|---|
| १ | निवेदन दस्तुर र परिक्षा दस्तुर नियमानुसार लिईनेछ । | | |
| २ | नागरिकता सिफारिस फाराम सहित | १००।- | |
| ३ | नागरिकता प्रतिलिपी सिफारिस | १००।- | |
| ४ | स्वदेशको लागि सामान्य सिफारिस दस्तुर | ५०।- | |
| ५ | नाम, थर संशोधन सिफारिस | ५०।- | |
| ६ | नाता प्रमाणित सिफारिस | १५०।- | |
| ७ | नाता कायम सिफारिस | ५०।- | |
| ८ | पारिवारिक विवरण सिफारिस | ५०।- | |
| ९ | बसोबास प्रमाणित सिफारिस | ५०।- | |
| १० | पिछडिएको क्षेत्र सिफारिस | ५०।- | |
| ११ | नाबालक सिफारिस | ५०।- | |
| १२ | जन्म मिति प्रमाणित सिफारिस | ५०।- | |
| १३ | बैवाहिक सम्बन्ध प्रमाणित सिफारिस | ५०।- | |
| १४ | अविवाहित प्रमाणित सिफारिस | ५०।- | |
| १५ | व्याक्ति प्रमाणित सिफारिस | ५०।- | |
| १६ | व्यवसाय संचालन दर्ता सिफारिस | १५०।- | |
| १७ | मदिरा व्यवसाय सिफारिस | २००।- | |
| १८ | व्यक्तिगत घटना दर्ता (३५ दिन पछि) | ५०।- | |
| १९ | घर नभएको जग्गा खरिद विक्रि, बकस पत्र, सट्टा पट्टा आदि प्रयोजनको लागि मालपोत कार्यालयलाई गरिने सिफारिसमा | ५०।- | |
| २० | घर समेत भएको जग्गा | ५०।- | |
| २१ | जग्गा वालाको मृत्यू पछि नामसारि वा अंश बण्डा प्रयोजनको लागि मालपोत कार्यालयलाई गरिने सिफारिस | ५०।- | |

कृष्ण बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

कृष्ण बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| २२ | पेन्सनपट्टा सिफारिस( स्वदेशी ) | ५०।- | |
| २३ | पेन्सनपट्टा सिफारिस (विदेशी | १००।- | |
| २४ | प्रत्येक सिफारिस अंग्रेजिमा | १००।- | |
| २५ | चार किल्ला प्रमाणित (वैङ्किङ प्रयोजनको लागि) सिफारिस | १५०।- | |
| २६ | चार किल्ला प्रमाणित सिफारिस (अन्य प्रयोजनको लागि) | १००।- | |
| २७ | चार किल्ला प्रमाणित (मुख्य बाटो र बजार क्षेत्र) | १५०।- | |
| २८ | वस्तुगत विवरण(घर,गोठ, टहरा) भए नभएको प्रमाणित सिफारिस | ५०।- | |
| २९ | घर नक्सा पास दरखास्त फाराम वापत | १५०।- | |
| ३० | अस्थाई घर ईजाजत दस्तुर | ५०।- | |
| ३१ | जग्गा नामसारी प्रति रोपनी मुख्य बाटा र बजार स्थल | १००।- | |
| ३२ | जग्गा नामसारी प्रति रोपनी ग्रामीण | ५०।- | |
| ३३ | छात्रवृत्ति सिफारिस दस्तुर | ५०।- | |
| ३४ | फर्निचर उद्योग सिफारिस | ५००।- | |
| ३५ | पाउरोटी उद्योग सिफारिस | २००।- | |
| ३६ | रुख कटान सिफारिस एवं दस्तुर प्रति रुख | २०।- | |
| ३८ | मिलापत्र बक्सौनी दस्तुर | २००।- | |
| ३९ | बन्दुक नविकरण क्षेत्रगत | १००।- | |
| ४० | बन्दुक नविकरण अधिराज्य | २००।- | |
| ४१ | कागजातको नक्कल प्रति पाना | ५।- | |
| ४२ | नक्साको प्रतिलिपी प्रति थान | ५०।- | |
| ४३ | मोही/हलिया जग्गा नामसारी प्रति रोपनी | १०।- | |
| ४४ | जिर्ण श्रेस्ता जग्गा धनी प्रतिलिपी सिफारिस | ५०।- | |
| ४५ | आयोजना/कार्यक्रम सिफारिस | ५००।- | |
| ४६ | नामसारी। ठाउँसारी(व्यापाराव्यवसाय) | १००।- | |
| ४७ | व्यवसाय दर्ता प्रमाणपत्र दस्तुर | ५०।- | |
| ४८ | अन्य विविध सिफारिस दस्तुर | ५०।- | |
| ४९ | घर नक्सा प्रमाणपत्र प्रतिलिपि | ५०।- | |
| ५० | बाउन्ड्री/प्रति वर्ग फिट | १० पैसा | |
| ५१ | सूचना प्रिन्ट प्रति पेज थप प्रति पाना | ५।- | |
| ५२ | अध्ययन प्रतिवेदन -विद्यार्थि सिफारिस | १००।- | |
| ५३ | काचो छाला निकासी/छाला | २०।- | |
| ५४ | काइनाइट पत्थर प्रति के.जि. | ४००।- | |
| ५५ | तेलजन्य पदार्थ निकासी प्रतिलिटर | ५।- | |
| ५६ | लेमन फेन्टा पथ्थर प्रति के.जि. | १०००।- | |
| ५७ | फेन्टा पथ्थर प्रति के.जि. | ७००।- | |
| ५८ | टुरमालिन प्रति के.जि. | १५०।- | |
| ५९ | अन्य पत्थर प्रति के.जि. | २००।- | |
| ६० | वन पैदावार प्रति के.जि. | १००।- | |
| ६१ | चरिचरन प्रति घोडा | ५०।- | |
| ६२ | चरिचरन प्रति भेडा बाख्रा | २५।- | |
| ६३ | चरिचरन प्रति भैंसी | ५०।- | |
| ६४ | घरनक्सा संसोधन | २००।- | |
| ६५ | नीजी विद्यालय स्थापना शुल्क | ५००।- | |
| ६६ | निजी विद्यालय थप कक्षा संचालन शुल्क | २००।- | |
| ६७ | नयाँ पसल व्यवसाय स्थापना शुल्क | २००।- | |
| ६८ | पसल/उद्योग/बन्द सिफारिस(चालु आ.व को लागि मात्र ) | १००।- | |
| ६९ | पशु पालन फर्म स्थापना सिफारिस एवं दस्तुर | २००।- | |
| ७० | पन्छी पालन फर्म स्थापना शुल्क | १००।- | |
| ७१ | मौरी पालन फर्म स्थापना शुल्क | ५०।- | |
| ७२ | माछापालन फर्म स्थापना शुल्क | ५०।- | |
| ७३ | व्यवसायी कृषी फर्म स्थापना सिफारिस | २००।- | |

कृष्ण बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ७४ | **मुल्याङ्कन सेवा शुल्क** | | |
| ७४.१ | आय श्रोत मूल्याङ्कन सिफारिस शूल्क | | |
| ७४.२ | वार्पिक रु १० लाख सम्मको सिफारिस गर्दा | २००।- | |
| ७४.३ | वार्पिक रु २० लाख सम्मको सिफारिस गर्दा | ५००।- | |
| ७४.४ | वार्पिक रु ३० लाख सम्मको सिफारिस गर्दा | ७००।- | |
| ७४.५ | वार्पिक रु ३० लाख भन्दा माथीको सिफारिस गर्दा | १००० ।- | |
| ७५ | **सम्पत्ति मुल्याङ्कन सिफारिस शुल्क** | | |
| ७५.१ | मुल्याङ्कन प्रमाणित सिफारिस (विद्यार्थीलाई ५० प्रतिशत छुट दिईनेछ ।) | प्रति हजार रु १ का दरले | |
| ७६ | **सर्जमिन दस्तुर** | | |
| ७६.१ | वंशजको नागरिकताको गरिने सर्जमिन | २००।- | |
| ७६.२ | नाता प्रमाणित सर्जमिन मुचुल्का दस्तुर | २००।- | |
| ७६.३ | ठुलो उद्योग स्थापनाको लागि सर्जमिन गर्दा | १०००।- | |
| ७६.४ | मझ्यौला उद्योग स्थापनाको लागि सर्जमिन गर्दा | ७००।- | |
| ७६.५ | साना उद्योग स्थापनाको लागि सर्जमिन गर्दा | ५००।- | |
| ७६.६ | अन्य उद्योग सर्जमिन | ३००।- | |
| ७६.७ | अन्य प्रयोजनका लागि सर्जमिन गर्दा | २००।- | |
| ७७ | संवन्ध विच्छेद सिफारिस | ५०।- | |
| ७८ | **संस्था दर्ता तथा नवीकरणमा** | | |
| ७८.१ | नयाँ दर्ता | ३००।- | |
| ७८.२ | नवीकरण | २००।- | |
| ७९ | **आय स्रोत प्रमाणित सिफारिस** | | |
| ७९.१ | आय स्रोत प्रमाणित सिफारिस(रु.१ लाख सम्म) | १००।- | |
| ७९.२ | आय स्रोत प्रमाणित सिफारिस (रु. ५ लाख सम्म) | २००।- | |
| ७९.३ | आय स्रोत प्रमाणित सिफारिस (रु. १० लाख सम्म) | ५००।- | |
| ७९.४ | आय स्रोत प्रमाणित सिफारिस (रु. २० लाख सम्म) | ७००।- | |
| ७९.५ | आय स्रोत प्रमाणित सिफारिस (रु. ५० लाख सम्म) | १०००।- | |
| ७९.६ | आय स्रोत प्रमाणित सिफारिस (रु. १ करोड सम्म) | २०००।- | |
| ७९.७ | आय स्रोत प्रमाणित सिफारिस (रु. १ करोड भन्दा माथि) | ३०००।- | |
| ८० | **निजी विद्यालय अप ग्रेड** | | |
| ८०.१ | नि.मा.वि. सम्मका लागि | ५००।- | |
| ८०.२ | मा.वि. सम्मका लागि | ७००।- | |
| ८१ | पशु वस्तु ( रांगा, भैसी, गोरु )को निकासीको सिफारिस प्रति गोटा | ३०।- | |
| ८२ | गैर सरकारी संघ, संस्था, क्लव, कम्प्युटर इन्टिच्युट ,आदिको दर्ता एवं सिफारिस | ५००।- | |
| ८३ | **घरनक्सा पास दस्तुर** | | |
| ८३.१ | मुख्य बाटोको दायाँ बाँया बन्ने आवासीय आर.सी.सी. फ्रेम स्टक्चर पक्की घर प्रति वर्गफुट रु. | १।- | |
| ८३.२ | मुख्य बाटोको दायाँ बाँया बन्ने आवासीय घरहरु ढुंगा, टिन, प्रति वर्गफुट रु. | ०.५०।- | |
| ८३.३ | मुख्य सडकको दायाँ बाँया बन्ने व्यापारिक घरहरु पक्की, आर.सी.सी फ्रेम स्ट्रक्चर प्रति वर्गफुट रु. | १.५०।- | |
| ८३.४ | भित्रि विभिन्न बाटोहरुको दायाँ बाँया बन्ने आवासीय घरहरु टिनको छाना, ढुंगामाटोको जोडाई प्रति वर्गफुट रु. | ०.२५।- | |
| ८३.५ | ग्रामिण क्षेत्रमा बन्ने घरको प्रति वर्गफुट रु | ०.१०।- | |

कृष्ण बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

कृष्ण बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

# आ.व. ०७५/०७६ का लागि नीति, कार्यक्रम तथा अनुमानित बजेट

आदरणीय सभा अध्यक्ष ज्यू,
गाउँपालिका स्थित राजनैतिक दलका प्रमुख एवम प्रतिनिधी ज्यूहरु ,
गाउँसभाका सदस्य ज्यूहरु,
गाउँपालिका स्थित सुरक्षा निकायका प्रमुख ज्यू ,
विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुख एवं प्रतिनिधी ज्यूहरु
गाउँपालिका विभिन्न समिति एवं उपसमितिका पदाधिकारी ज्यूहरु ,
समाजसेवी ,बुद्धि जीवी,शिक्षक पत्रकार, उद्योगि, व्यापारी, जेष्ठ नागरिक ,नागरिक समाज,यूवा , दलित तथा अल्प संख्यक,एकलमहिला, शहिद परिवार र कर्मचारी लगाएत उपस्थीत आदरणीय सम्पूर्ण गाउँपालिका वासी दाजुभाई तथा दिदि वहीनिहरु,

म स्थानीय सरकारको उपाध्यक्षको हैसियतले यस सम्मानित गाउँ सभामा यस आर्थिक वर्ष ०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित र खुसी भएको छु । यस जाजरकोट जिल्लाको पश्चिम उत्तरमा अवस्थित जुनीचाँदे गाउँपालिकाको समग्र विकास निर्माणसंग सन्निकट सम्वन्ध राख्ने आजको यस ऐतिहासिक तेस्रो गाउँ सभाको गरिमामय घडीमा, उद्योग, जलश्रोत, पर्यटन र कृषिको विकासका सम्भावना वोकेको प्राकृतिक सुन्दरताले भरिपूर्ण, पौरखी र न्याय प्रेमि जनताहरु वसोवास रहेको यस जुनीचाँदे गाउँपालिकाको समग्र विकासको लागि आगामी आ.व. ०७५/०७६ को नीति, कार्यक्रम तथा अनुमानित वजेटले सवै जनसमुदायलाई समेट्ने अपेक्षा गरेको छु ।

यस ऐतिहासिक शुभ अवसरमा देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनताको मौलिक हक र अधिकार प्राप्तिको लागि भएको विभिन्न आन्दोलन र जनक्रान्तिमा आफ्नो जीवन वलिदान गर्नुहुने महान सहिदहरु तथा यस स्थानीय सरकार स्थापनार्थ भएको संघर्षमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात विर सहिदहरु प्रति भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । साथै सम्पूर्ण घाइते, अपाङ्ग तथा वेपत्ता नागरिकहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । यस गाउँपालिकाको परिकल्पना, विकास र उत्थानमा विगत र वर्तमानमा भूमिका खेल्नु भएका सम्पूर्ण क्षेत्रका महानुभावहरुको योगदानको उच्च कदर एवं प्रशंसा गर्न चाहन्छु ।

नेपाल सरकार (मन्त्रिपरिषद्)को मिति २०७३।११।२२ को निर्णयानुसार साविकका मजकोट, दह, कोर्ताङ्ग र गर्खाकोट गा.वि.स.हरु समाहित गरेर जुनीचाँदे गाउँपालि गठन भएको हो । पूर्वमा कुशे गाउँपालिका पश्चिम दैलेख जिल्ला उत्तरमा कालिकोट र जुम्ला जिल्ला, दक्षिणमा छेडागाड नगरपालिकाको वीचमा अवस्थीत प्राकृतिक सम्पदाहरुले भरिपूर्ण यस जुनीचाँदे गाउँपालिकाको कुल जनसंख्या २१७३३। (एकाईस हजार सात सय तेतिस ) रहेको छ । ११ वडामा विभाजित रहेको गाउँपालिकाको कूल क्षेत्रफल ३४६.२१ वर्ग कि.मि.,रहेको छ । कृषि उद्योग, जलश्रोतको र खानीको प्रचुर सम्भावना वोकेको यस गाउँपालिकाको गरिमामय सभामा नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउदा आफुलाई गौरवशालि ठानेको छु ।

स्थानीय सरकारको रुपमा गाउँपालिकाले गाउँवासीहरुको यावत चाहाना र आवश्यकतालाई महशुस गरि क्रियाशिल हुनुपर्ने आजको परिप्रेक्षमा पक्कै पनि लामो अन्तराल पछि जन निर्वाचित प्रतिनिधी वहाल भएको एक वर्ष पुरा भएको अवस्थामा आम सरोकारका विषयहरुलाई सम्वोधन गर्ने प्रक्रियामा थुप्रै समस्या र चुनौतिहरु रहेका छन् ।

आदरणीय सभा अध्यक्ष ज्यू,

गाउँ गाउँमा सिंह दरवार घर घरमा स्थानिय सरकार भन्ने उद्घघोषका साथ स्थानिय सरकासरको श्रमसिल जनशक्ति लाई पुजिमा वदल्दै न्याय र सामामाजिक रुपान्तरण सहित समृद्ध जुनिचाँदे निर्माण हाम्रो लक्ष्य भएता पनि जुनिचाँदे ठूलो भौगोलिक क्षेत्रफल, भौगोलिक विकटता,

जनताको स्थानीय सरकार प्रतिको वढ्दो आकांक्षा, उपलब्ध सिमित स्रोत र साधनको वावजुद कार्यपालिकाका सदस्यहरु, गाउँसभाका सदस्यहरु, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको मार्गदर्शन र बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठकमा घनीभुत छलफल गरी उपलब्ध स्रोत र साधनको सवै क्षेत्र र वर्गलाई समेट्ने गरी बजेट विनियोजन गर्ने प्रयास गरेको छु । भोगोलिक हिसावले यो गाउँपालिका जाजरकोट जिल्लाको दुर्गम गाउँपालिका रहेको र यसको सवै क्षेत्र ग्रामिण प्रकृतिको रहेकोले सिमित साधन, स्रोत र असिमित जनआकांक्षा र आवश्यकता वीच तालमेल मिलाई अधिकतम विकासको प्रतिफल विभिन्न क्षेत्र र वर्गका जनता वीच पुर्याउने कोशिस गरिएको छ । यस क्रममा लागत सहभागीता प्राप्त हुने पिछडिएका जाती, जनजाती, दलित, उत्पीडित महिला, वालबालिका, आदीवासी, आदिका क्षेत्रमा आ.व ०७५/०७६ को बजेट विनियोजन गर्ने प्रयास गरेको छु । यस्तो अवस्थामा पनि स्थानीय तहको माध्यमबाट यथासक्य प्रशासनिक तथा विकास निर्माणका कार्यहरु अगाडी बढाउनु पर्ने अवस्था छ । यस सन्दर्भमा प्रशासनिक काम



कृष्ण बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

कृष्ण बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

कारवाहीलाई छिटो छरितो वनाउने प्रयास जारी रहेको छ । गाउँपालिका तथा वडा कार्यालयको लागि आवश्यक कर्मचारीहरु खटाउने काम जारी रहेको छ।

हामीले जुनीचाँदे गाउँपालिकाको समृद्धी र जुनीचाँदे वासीको सर्वोत्तम हितको लागि सहमति र सहकार्यको गन्तव्यमा एकाकार हुने संस्कृतिको अभ्यास गरिरहेका छौं । विगतका एक वर्षको राम्रो र नराम्रो अनुभववाट मार्ग निर्देशित हुदै भोग, रोग, गरिवि र भौगोलिक विकटतावाट ग्रसित भई चिनिने यस जुनीचाँदे गाउँपालिकालाई समृद्ध मार्गचित्रको रुपमा स्वाभीमानी जुनीचाँदे वासी सामु यो वजेट प्रस्तुत गरिरहदा आजको गरिब गाउँपालिकाकालाई भोलीको समृद्ध गाउँपालिकामा रुपान्तरण गर्ने संकल्प वोध भइरहेको छ ।

विकास र समृद्धिको अतुलनीय सम्भावना वोकेको यस जुनीचाँदे गाउँपालिका विकासको दृष्टिले अन्य गाउँपालिका र नगरपालिकाको दाजोमा पछाडी रहेता पनि ११ वटा वडा रहेको यो गाउँपालिका आर्थिक, सामाजिक , सांस्कृतिक पर्यावरणीय र भौगोलिक विविधताका साथै जल जंगल, जमिन जडीवुटी तथा वहुमुल्य रत्न पत्थर जस्ता संम्भावित उत्पादको क्षमताको दृष्टिले उच्च स्थानमा रहेको छ ।

आर्थिक दृष्टिले सक्रिय जनशक्ति वढी भएतापनि यसको उचित व्यवस्थापन र रोजगारी सिर्जना गर्न नसक्दा उर्जाशिल जनशक्ति भारतका विभिन्न स्थानहरु , खाडीका मुलुक र मलेसियामा जोखिमपूर्ण काममा न्यून स्तको पारिश्रमिक लिई आफ्नो श्रम वेच्न वाध्य छन् । यसरी उर्जाशिल जनशक्तिको पलायनताले एकातिर हाम्रो कृषि तथा खेतीयोग्य उर्वर भुमी उजाड वनेका छने भने अर्कोतर्फ गाउँघर वालवालिका वृद्ध तथा अशक्तहरुको थलो वन्न पुगेको छ । यसवाट एकातिर आवश्यता उत्पादनशिल जनसंख्याको अभाव हुन गएको छ भने अर्कोतिर सामाजिक, सांस्कृतिक र धार्मिक सन्तुलन खल्वलिने र विदेशी मुलुकमा पसिना वगाई आर्जन गरेको ठुलो रकम अनुत्पादन क्षेत्रमा खर्च भईरहेको परिवेशमा यसलाई नियन्त्रण र उर्जाशिल युवा जनशक्तिलाई सिपयुक्त र दक्ष वनाई कृषि, पर्यटन, उधोग तथा उत्पादनका विविध क्षेत्रमा उपयोग गर्न सके रोजगारी र स्वरोजगारीको अवस्था सिर्जना भई आत्मनिर्भर र संवृद्ध गाउँपालिकाको रुपमा चिनाउन सफल हुन सक्ने देखिन्छ ।

जलस्रोत र खनिज, जंगल, रत्न पथ्थर जस्ता वहुमल्य प्राकृतिक, सम्पदाहरु यस गाउँ पालिका भित्र हुनु थप अवसर र सौभाग्य हो । तर गाउँपालिकाको शुरुवातको अभ्यास भएकोले केहि चुनौतिहरु र समस्या रहेका छन् । जस्तो :- ठूलो भौगोलिक क्षेत्र, भौगोलिक विकटता, राजश्वका दरहरु कार्यान्वयन गर्नुपर्ने, जनशक्तिको अभाव, सेवा प्रवाह, विकास निर्माण गर्नुपर्ने गाउँपालिकाको संस्थागत र भौतिक पूर्वाधार विकास गर्नु पर्ने साथै सरोकारवाला निकायहरुसंग समन्वय र विस्तार

गर्नुपर्ने आदि चुनौतिहरु रहेका छन् । हामी सवै गाउँवासीहरुले समुन्नत र सवृद्ध गाउँपालिकाको परिकल्पनाका साथ आ-आफ्नो क्षमता अनुसार योगदान र सहभागिता कायम राखेमा यस्ता चुनौतिहरु पक्कै पनि समाधान हुनेछन् ।

सभासदस्य ज्यूहरु,

गाउँवासीहरुको आवाज, प्राथमिकता र अधिकारलाई समुचित रुपमा विकास गर्न सकिएमा गाउँपाालिका गाउँवासीहरु प्रति उत्तरदायी ठहर्छ भन्ने कुरालाई मनन् गर्दै **"जुनीचाँदे समृद्धी , दिगो विकासको पहिलो आधार" शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र गरिबी न्यूनीकरण हाम्रो सरोकार"** भन्ने मुल परिकल्पनाको साथ म यहाँहरु समक्ष संक्षिप्त रुपमा नीति, कार्यक्रम तथा अनुमानित वजेट प्रस्तुत गर्ने अनुमति माग्दछु ।

## चालु आ.व.२०७४।०७५ को नीति तथा कार्यक्रमको समिक्षा

**(क) आर्थिकक्षेत्र**

चालु आ.व. २०७४।७५ मा विनियोजित रकम ९८ लाख २० हजार मध्ये ३८ लाख ५३ हजार मात्र ( ३९ प्रतिशत) खर्च भएको र अरु भुक्तानी हुन बाँकी

**(ख) सामाजिकक्षेत्र**

चालु आ.व. २०७४।७५ मा विनियोजित रकम ३ करोड ५२ लाख ९१ हजार मध्ये रु २ करोड ४८ लाख २० हजार १ सय मात्र (७० प्रतिशत) खर्च भएको भुक्तानी हुन बाँकी

**(ग) पूर्वाधारक्षेत्र :** चालु आ.व. २०७४।७५ मा विनियोजित रकम ८ करोड ७ लाख ५६ हजार मध्ये ६ करोड २४ लाख ९३ हजार ८ सय (७७ प्रतिशत ) खर्च भएको र भुक्तानी गर्न वाकी रहेको ।

**(घ) वातावरण तथा विपद व्यवस्थापन**

कृष्ण बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

चालु आ.व. २०७४।७५ मा विनियोजित रकम १ करोड २ लाख ३० हजार मध्ये रु ८४ लाख ६७ हजार मात्र (८३ प्रतिशत) खर्च भएको र अन्य भुक्तानी हुन बाकी ।

**(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

चालु आ.व. २०७४।७५ मा विनियोजित रकम १ करोड ५१ हजार मध्ये रु ३१ लाख ८९ हजार मात्र (३२ प्रतिशत) खर्च भएको र अन्य भुक्तानी हुन बाकी ।

**(च) वित्तिय ब्यबसथापन तथा सुशासन**

चालु आ.व. २०७४।७५ मा विनियोजित रकम ६७ लाख ५० हजार मध्ये रु १४ लाख ५० हजार मात्र (२२ प्रतिशत) खर्च भएको र अन्य भुक्तानी हुन बाँकी ।

**अन्य (च)**

चालु आ.व. २०७४।७५ मा विनियोजित रकम ३ करोड ५२ लाख ९१ हजार मध्ये रु २ करोड ४८ लाख २० हजार १ सय मात्र (७० प्रतिशत) खर्च भएको भुक्तानी हुन

## आगामी आ.व.२०७५र०७६ को नीति, अनुमानित बजेट तथा कार्यक्रम

**सोंच / लक्ष्य**

आगामी २०७८ सम्म जुनीचाँदे गाउँपालिकालाई समृद्ध बनाउने ।
म अब यस गाँउसभामा आर्थिक वर्ष २०७५।०७६ को बजेटका उदेश्य र प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु ।

**उदेश्यहरु**

क) बजेटको मुलभुत उदेश्य गाँउपालिकाको विकास र समृद्धिको यात्रा सुनिश्चित गरी समाजवाद उन्मुख गन्तव्य तय गर्नु हो । यसका लागी निम्न लिखित उदेश्य अंगिकार गरिएको छ ।

- आर्थिक तथा सामजिक असमानता र विभेद अन्त्य गर्दै आत्मा निर्भर गाउँपालिका बनाउने ।
- सहज जीवनयापन र समुन्नत गाउँपालिका निमार्णका लागी आवश्यक भौतिक पूर्वाधारको विकास र विस्तार गर्ने ।
- मानव अधिकारको संरक्षण तथा सामाजिक न्यायको प्रवर्द्धन गदै शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा नागरिकको सहज पहुँच स्थापित गरी दक्ष जनशक्ति उत्पादन गरी प्रभावकारी रुपमा परिचालन गर्ने ।
- बालमैत्रीपूर्ण वातावरणमा बालबालिकाले सिक्ने थलोका रुपमा विद्यालयहरुको विकास र विस्तार गर्ने ।
- प्रत्येक वडाहरुमा कम्तिमा एउटा नमूना विद्यालय बनाउने ।
- कृषिको व्यावसायीकरणलाई प्रोत्साहन गदै आवश्यक अनुदानको व्यवस्था गर्ने ।
- वनजंगलको संरक्षण गरी हरियाली जुनीचाँदेका रुपमा विकास गर्ने ।
- भ्रष्टाचार नियन्त्रण, जनमुखी प्रशाशन र सुशासन यूक्त गाँउपालिका बनाउने ।
- गाउँपालिकाले लगाउने र उठाउने पाइने कर तथा गैर कर, राजश्वका क्षेत्रहरुको पहिचान, संकलन, व्यवस्थापनमा नीजि क्षेत्रहरु सँग सहकार्य गर्दै आन्तरिक र वाह्य श्रोतहरुको पहिचान र उपलब्ध श्रोतहरुको अधिकतम प्रयोग गर्न जोड दिइनेछ ।
- भौतिक पुर्वाधार विकासमा प्राथामिकता दिइने छ ।
- गाउँपालिका वडा कार्यालयको व्यवस्थापन, स्रोत साधन व्यवस्थापन र कर्मचारी पदपूर्तिलाई गर्न आवश्यक पहल गरिनेछ ।

**वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु**

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- चौधौं पञ्चवर्षिय योजना,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका परिपत्र,
- संघीय सरकारका नीति तथा कार्यक्रर र बजेट वक्तव्य,
- प्रदेश सरकारका नीति तथा कार्यक्रम र बजेट वक्तव्य,
- जि.स.स बाट प्राप्त मार्गनिर्देशन,
- वस्ती तथा टोलस्तरीय भेला, वडा समिति हुदै सहभागितामुलक योजना तर्जुमा प्रक्रिया द्वारा आएका आयोजना तथा कार्यक्रमहरु ।
- जुनीचाँदे गाउँपालिकाको क्षेत्रमा विद्यमान विकास सम्बन्धी अवसर तथा चुनौती र वस्तु स्थितिको अवस्थाको विश्लेषण ।

कृष्ण बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

## क्षेत्रगत नीति तथा आधारहरु

कृष्ण बहादुर के.सी. गाउँपालिका अध्यक्ष

### १ आर्थिक विकासको क्षेत्र

#### (क) कृषि तथा पशुपालन

- स्थानीय कृषि व्यवसाय प्रवर्द्धन ऐन र नियमालीको निमार्ण गरि कार्यान्वयन गरिने छ ।
- **"अर्गानिक खेतीमा वृद्धि, जुनीचाँदेको संवृद्धि"** भन्ने नारालाई साकार तुल्याउन रैथाने प्रजातिका कृषि वाली तथा पशुपन्छीको संरक्षण र प्रवर्धन गर्दै अर्गानिक उत्पादन र उत्पादकत्व वृद्धिको लागि जुनीचाँदे अर्गानिक कृषि विषेश कार्यक्रमलाई प्राथमिकता दिईने छ ।
- स्वच्छ एवं गुणस्तरीय पशुपन्छी जन्य उत्पादनका माध्यमवाट जुनीचाँदे गाउँपालिकालाई खाद्य तथा पोषणमा आत्मनिर्भर बनाउन **उन्नत नश्ल, पशु स्वास्थ्य, पशु आहारा तथा उत्पादित पशुजन्य पदार्थ तथा बस्तुको बजारीकरणका** लागि आवश्यक वजेट विनियोजन गरेको छ ।
- पशुपन्छी उत्पादक कृषक, समुदाय, सहकारी संस्था एवं नीजि उद्यमीहरूको प्रतिस्पर्धी क्षमता वृद्धिगर्दै पशुपन्छीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न एकीकृत रूपमा प्राविधिक, वित्तीय तथा अन्य सेवा उपलब्ध गराउनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छ ।
- एक घर एक करेसाबारी कार्यक्रमलाई प्रभावकारी वनाउन जुनीचाँदे गाउँपालिकाको प्रत्येक वडाका घरहरुमा कार्यक्रम सञ्चालन गरी अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार प्रदान गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र पशुपालन, कृषिमा आधुनिकरण गरी कृषि उत्पादनवढाउने कार्यमा जोड दिइनेछ ।
- माटो परिक्षण कार्यक्रमलाई पुनः निरन्तरता दिईनेछ ।
- कृषि उत्पानलाई बढवा दिन हावापानी सुहाउदो आवश्यक मल, बीऊ विजन खरिद गरी वितरण गर्ने आवश्यक व्यस्वस्था मिलाएको छ ।
- **एक गाउँ एक नमुना** पकेट क्षेत्रका रुपमा (जस्तैः स्याऊ, सुन्तला, ओखर, टिमुर, अलैची, किवी, वाखापालन, भेडापालन, भैसीपालन, कुखुरापालन) पकेट क्षेत्र घोषणा गरि श्रोतकेन्द्रको रुपमा विकास गरिने छ ।
- खाद्यान्नमा आत्मनिर्भर बनाउन खाद्यान्न वालीलाई विशेष प्राथमिकता दिई भटमास खेतिलाई जोनका रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ ।
- पशुपन्छीपालन क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरणका लागि निजि साझेदारिमा आधारित भेडा तथा वाखापालनगर्ने कार्यलाई प्राथामिकता दिईने छ ।
- उत्कृट पशुपन्छी पालन गर्ने कृषकलाई उत्कृष्ट उपाध्यक्ष पुरस्कारको व्यवस्थापन गरेको छ ।
- प्रदेश सरकार संगको सहकार्यमा **एक वडा एक कृषि तथा पशु सेवा प्राविधिक** नीति लागु गरिने छ ।
- गाउँपालिकामा रहेका वेरोजगार युवाहरुलाई व्यावसायीक कृषि तथा पशुपालन पेसामा आर्कषित गर्नका लागि विशेष अनुदानको व्यवस्था गरिने छ ।

#### (ख) उर्जा

- यस गाउँपालिका भित्र साना जल विद्युत आयोजनाहरुको सम्भाव्य अध्ययन अध्ययन गरी उत्पादन कार्यलाई छिटोभन्दा छिटो अगाडि वढाईने छ ।
- सौर्य उर्जा, वायो ग्यास आदि वैकल्पिक उर्जाका कार्यक्रमहरुलाई प्राथामिकता दिइनेछ ।
- मजकोट खोला जलविद्युत आयोजना निमार्णको गतिलाई तिव्र वनाई उज्यालो गाउँपालिका निमार्णको अभियान संचालन गरिने छ ।

#### (ग) सहकारी

- गाउँपालिका सहकारी ऐन र नियमालीको निमार्ण गरि कार्यान्वयन गरिने छ ।
- **"गाउँ गाउँमा सहकारी, घरघरमा रोजगारी"** को नारालाई सार्थक तुल्याउन प्रत्येक वडामा एक सहकारीको अवधारणा ल्याइनेछ ।
- सहकारीहरुको साझेदारीमा स्थानीय तहममा आवश्यक कृषि वन वातवरण र भौतिक पुर्वाधारका निर्माण गर्न समेत आवश्यक पहल गरिनेछ ।
- दलित, महिला, दन्द्धपिडित विपन्न तथा सीमान्तकृत समुदायको आन्मनिर्भरताको लागि लक्षित वर्ग विशेष कार्यक्रम ल्याइनेछ ।

#### (घ) पर्यटन

- ***"जुनीचाँदे समृद्धिको आधार, पर्यटनको विकास र भौतिक पूर्वाधार"*** निर्माण भन्ने नाराका साथ हाम्रो जुनीचाँदे गाउँपालिकामा रहेका मुख्य पर्यटकिय स्थल, जुनी वस्ती, चाँदे हिमाल, भैरी चाल्ले नागढुगां देउराली पाथीभरा भ्युटावर, नदाईडाब लगायतका पर्यटकीय स्थलको सम्भाव्यता अध्ययन गरी संघीय सरकार र प्रदेश सरकारसँग सहकार्य गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।

#### (ङ) उद्योग तथा वाणिज्य

कृष्ण बहादुर के.सी. गाउँपालिका अध्यक्ष



Scanned by CamScanner

- उद्यमशिलताको विकास गर्न आयमुलक रोजगारीका कार्यक्रम सञ्चालन गरी महिला , दलित, जनजाति आदिवासी, पछाडी परेका जनसमुदायलाई लघु उद्यममा सहभागीता गराइनेछ । साथै खनिज उधोग स्थापनाको लागि पहल एवं प्रोत्साहित गरिनेछ ।
- परम्परागत सिप र पेसालाई आधुनिकिकरण गर्नको लागि विभिन्न सिपमुलक लालिमहरुको आयोजना गरिने व्यवसथा मिलाएको छु ।
- गाउँपालिकामा रहेका लघु उद्यमीहरुलाई थप स्तर उन्नती गर्नको लागि आवश्यकतामा आधारित प्रविधि हस्तान्तरणका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

## २. सामाजिक बिकास क्षेत्र

### (क) शिक्षा

- **"बालबालिकाहरुलाई विद्यालय ल्याऔ, टिकाऔं र सिकाऔ "** भन्ने मुल ध्येयका साथ प्रत्येक वडाहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- जुनीचाँदे गाउँपालिका भित्र सञ्चालनमा रहेका विद्यालयहरुलाई दुरीका आधारमा एकआपसमा गाभ्ने र आवश्यकता भएका विद्यालयमा दरवन्दी सिर्जना गर्ने व्यवस्था मिलाएको छु ।
- ३ देखि ४ वर्ष उमेरका वालवालिकाहरुका सर्वागिण विकासका लागि आधा घण्टाको दुरीमा वालविकास केन्द्र स्थापना गरी वालमैत्री कक्षा कोठा भित्र सिकाई वातावरणको सिर्जना गर्नका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।
- प्रत्येक वडामा एउटा नमूना विद्यालय बनाउनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- जुनीचाँदे गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका सिकाई केन्द्रहरुलाई साधन सम्पन्न बनाई सूचना केन्द्रको रुपमा बिकास गर्न आवश्यक बजेटको व्यवस्थापन मिलाएको छु ।
- विद्यालयको भौतिक पूर्वाधार विकासका लागि आवश्यक रकमको व्यवस्थापन गरेको छु उक्त रकमको विनियोजन गर्दा विद्यालय सुधार योजनका आधारमा उपलब्ध गराउने नीति लिईने छ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका विद्यालयहरु मध्ये सवैभन्दा वढि सिकाई उपलब्धी हासिल गराउने विद्यालयलाई पुरस्कृत गर्ने र सोको लागि आवश्यक रकमको व्यवस्थापन गरेको छु ।
- तोकिएको न्यूनतम सिकाई उपलब्धी हासिल गराउन नसक्ने विद्यालयहरुलाई गाउँपालिका वाट दिइने अनुदानमा कटौति गर्ने नीति लिएको छु ।
- पूर्ण सरसफाई कार्यक्रम विद्यालय क्षेत्र भित्र अनिवार्य गराउन गाउँपालिका भित्र सञ्चालनमा रहेका संघ संस्थाहरु संग समन्वय गरि प्रत्येक विद्यालयहरुलाई आवश्यक रकम उपलब्ध गराउने व्यवसथा मिलाएको छु ।
- विद्यालय वाहिर रहेका १ सय ३९ जना वालवालिकाहरुलाई विद्यालय भित्र ल्याउन पोसाक र स्टेशनरीको व्यवस्था गरेको छु ।
- विद्यालय दिवा खाजालाई पूर्व प्राथामिक कक्षा देखि नै सफा र स्वस्थ रुपमा खुवाउने व्यवस्था मिलाईने छ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका मा.वि.हरु मध्येवाट आवश्यक पूर्वाधार तयार भएका विद्यालयलाई प्राविधिक शिक्षालयका रुपमा विकास गरिने छ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका मा.वि र आ.वि हरुलाई ICT को माध्यमवाट शिक्षण सिकाई कृयाकलाप सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
- प्रत्येक विद्यालयमा **एक फुलवारि एक खेल मैदान** अनिवार्य रुपमा वनाउने व्यवस्था गरिने छ ।
- वालमैत्री शौचालय र वालमैत्री खानेपानिको व्यवसथा गरिने छ ।
- प्रत्येक मा.वि.हरुमा किशोरीहरुका लागि आराम गर्न सुरक्षित कोठा र स्यानीटरी प्याडको लागि आवश्यक बजेटको व्यबस्था गरेको छु ।
- **एक विद्यालय एक पुस्ताकालय** को अवधारण लाई जोड दिइने छ । प्रत्येक कक्षा कोठामा कितावी कुना (BOOK CORNER) को व्यवस्था मिलाइने छ ।
- सिकाईमा उत्कृष्टता हासिल गर्ने वालवालीकाहरुका लागि प्रोत्साहन प्रदान गर्न छात्रबृती को व्यवस्था गरिने छ ।

आदरणीय सभासदस्य ज्यूहरु,

### (ख) स्वास्थ्य

- **स्वच्छ नागरिक सफा सुगर गाउँपालिका** भन्ने मुल ध्ययका साथ जनताको जीवनसँग जोडिएको आधारभुत स्वास्थ्य सेवालाई भरपर्दो जनमुखी र प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकाको सवै वडामा स्वास्थ्य केन्द्र, स्वास्थ्य इकाई स्थापना गरी संचालन तथा विस्तार गरिनेछ ।
- गर्खाकोट प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तर उन्नती गरि १५ शैयावाट २५ शैया बनाउन आवश्यक पहल गरिने छ ।
- जुनीचाँदे गाउँपालिकको ७, ८ र १० को वीचमा १५ शैयाको अस्पताल स्थापनाका लागि आवश्यक पहल गरिने छ ।



Scanned by CamScanner

कृष्ण बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

(घ) महिला तथा बालबालिका

**"मानव सभ्यताको सम्मान छुवाछूत र सामाजिक कुरिति बिरुद्धको अभियान"** भन्ने ध्ययका साथ जुनीचाँदे गाउँपालिका भित्र सामाजिक कुरीति विरुद्धको कार्यक्रमहरु सञ्चालन गरिने छ।

- महिला दलित अपाङ्ग जेष्ठ नागरिक बालबालिका मैत्री नीति तथा कानून निर्माण गरिने छ।
- महिला बालबालिका अपाङ्गता जेष्ठ नागरिक बिरुद्ध हुने हिंसा तथा दुर्ववहार बाल श्रम बालविवाह छुवाछूत छाउपडि प्रथा वोक्सी लगाएत सबै प्रकारका कुरितिहरुको अन्त्य गर्न जनचेतनामुलक कार्यक्रमहरु उपचार ,मनोविमर्स कानूनी सहायता र पुर्न स्थापना सम्बन्धी कार्यक्रमहरु बृहतरुपमा सञ्चालन गर्ने व्यवस्था मिलाएको छ।
- सामाजिक कुरीति रुपमा रहेका छुवाछत,छाउपडि, वोक्सी, बालविवाह सडक बालबालीका मुक्त क्षेत्र घोषण गर्ने व्यवस्था मिलाएको छ।
- सार्वजनिक निकायका संरचनाहरुलाई अपाङ्ग मैत्रि, बाल मैत्री र लैङ्गिक मैत्री बनाउने कार्य अघि बढाइने छ।
- जोखिममा रहेका बालबालिका अपाङ्गता भएका बालबालीकाहरुको शिक्षा स्वास्थ्य र संरक्षणका लागि विशेष कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छ।
- अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण सिप विकास र उपयोगका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ।
- शिक्षा स्वास्थ्य महिला बालबालिका सामाजिक सुरक्षा लगाएतको सामाजिक बिकास गुरुयोजना बनाई लागू गरिने छ।
- विपतमा परेका बालबालीकाहरुको उद्धार तथा पुनर्स्थापनाका लागि आवश्यक रकमको विनियोजन गरेको छ।
- महिलाको आर्थिक सवलीकरणका लागि सीपमुलक तथा व्यवसायमूलक कार्यक्रम संचालन गर्ने व्यवस्था गरेको छ।

## ३ भौतिक पूर्वाधार विकासको क्षेत्र

### (क) सडक

- जुनीचाँदे गाउँपालिकाको यातायात सम्वन्धी गुरु योजना तयार गरी गाउँपालिकाका प्रत्येक वडा कार्यालयको केन्द्रसम्म सडकको विस्तार गरी जनाताको आवगमनमा पहुँच पुर्‍याइनेछ।
- गाउँपाकिका सम्पुर्ण वडामा आर्थिक वर्ष ०७५।०७६ मा सडक सञ्जाल जोड्न आवश्यक वजेटको व्यवस्था गरेको छ।
- गाउँपालिकाको केन्द्रसम्म सडकलाई स्तर उन्नती सहित कालोपत्रे गर्न संघ र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक पहल गरिनेछ।
- केन्द्रिय सडक (छेडा, थलह, जुनी हुदैं जुम्ला) जोड्ने सडकलाई सुचारु गर्न संघ र प्रदेश सरकारसँग छिटोभन्दा छिटो आवश्यक पहल गरिनेछ।
- गाउँपालिकाको केन्द्रसँग जोड्नका लागि प्रत्येक वडाहरुको सडकलाई प्राथामिकता दिई गा पाको केन्द्र सँग जोड्न आवश्यक वजेको व्यवस्था गरेको छ।
- नर्मरा, लुहादह, कोर्ताङ्ग हुदै जुनी सम्मको सडकका लागि आवश्यक वजेट व्यवस्था गरेको छ।
- लुहादह, गर्खाकोट, मैप वुदीडाँडा हुदै जुम्ला जोड्ने सडकका लागि आवश्यक वजेटको व्यवस्था गरेको छ।
- मजकोट, डाँडाकोट, सानाखोला, मेसु, तांगाचौर हुदै लुहादहसम्मको सडकको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ।
- औलखोला, काप्रा हुदै पराले सानाखोला सडकलाई प्राथामिकता दिई अगाडी बढाईने छ।
- छाना कारिगाउँ विरा हुदै नरमरा जोडने सडकको लागि आवश्यक वजेटको ब्यवस्थापन गरेको छु।
- लामातडा मटेला गर्खाकोट हुदै वुदिडाडा सम्मको सडक लाई स्तरउन्नतकि लागि आवश्यक पहल गरिने छ।
- मजकोट, पंचाला, मैनपाखा हदै जुनी जोड्ने सडकालाई प्राथामिकता दिइएको छ।
- लुहादह, तांगाचौर, मेसु, चोत्राकोट हुदै पंचालासम्म सडकलाई अगाडि बढाईने छ ।

### ख) पुल तथा ट्रसबिज

- नर्मरा , लुहादह जोड्ने सानाखोला मेसु जोड्ने, लामातरा, मटेला जोड्ने र देउसुले दहखोला जोड्न मोटर पुलको लागि संघ र प्रदेश सरकारसँग पहल गरिनेछ।
- गाउँपालिका अन्तर्गतका विभिन्न क्षेत्रमा झो. पु. र ट्रसवीज निर्माण गर्न आवश्यक पहल गरिनेछ।

### (ग) भवन निर्माण

- गाउँपालिका भित्र भवन निर्माण गर्दा भवन निमार्ण आचार संहिता वमोजिम भवन निमार्ण गरिने व्यवस्था मिलाईएको छ।
- गाउँपालिकाको भवन निर्माणका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ।

कृष्ण बहादुर के.सी.
गाउँपालिका अध्यक्ष



Scanned by CamScanner

कृष्ण बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

- गाउँपालिका भित्र निमार्ण गरिने भवनहरु वालमैत्री, अपांग मैत्री, लैगिक संवेदन शिलतालाई ध्यायनमा राखि निर्माण गरिने व्यावस्था गरिएको छ ।

## ४ वातावरण तथा विपत व्यवस्थापन

- वन तथा वातावरण ऐन, तथा नियमावी निर्माण गरी सोही अनुसारका कार्यक्रम सञ्चालन गरिनेछ ।
- जुनीचाँदे गाउँपालिका भित्र महत्वपूर्ण रैथाने र वनस्पति र वन्यजन्तुको संरक्षण गरी वैज्ञानिक वन व्यवस्थापन डढेलो नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ ।
- एक व्यक्ति ६ विरुवा रोप्ने नीतिलाई प्रोत्साहन गर्न भावी सन्ततिलाई विरुवा उपहार र वातावरण संरक्षण र संम्वर्द्धनका लागि चेतनामुल कार्यक्रम सञ्चालन गरिनेछ ।
- जुनीचाादे गाउँपालिकामा आकस्मिक पहिरो तथा नदी नियन्त्रण कार्यक्रम, एकिकृत भुसंरक्षण तथा जलाधार व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन योजना तयारी जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

## ५ संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- गाउँपालिकाको एकिकृत प्रोफाईल निर्माण गरी आवधिक योजना तयार गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- नागरिक मैत्री सेवा प्रवाहलाई थप व्यवस्थीत बनाउन आवश्यक निति तथा कार्यक्रमहरु तर्जुमा गरेको छु ।
- न्याय प्रशासनलाई स्वच्छ, निष्पक्ष, सर्वसुलभ बनाई जनताको प्रत्यक्ष पहुँच पुऱ्याउनको लागि समयन्त्र बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- कर्मचारिहरको मनोवल उच्च राख्दै कार्य सम्पादनमा प्रभावकारिता ल्याउन आवश्यकतामा आधारित क्षमता विकास सम्वन्धी तालिम सञ्चालन गरिने छ । उत्कृष्ट काम गर्ने कर्मचारिलाई सम्मान गरिने व्यवस्था गरेको छु ।
- गाउँपालिकामा रहेको न्यायीक समितिको काम थप प्रभावकारि बनाउनका लागि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयनमा ल्याइने छ ।
- अध्ययन अवलोकन भ्रमणको माध्ययमबाट सिकाई आदान प्रदान गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु।
- गाउँपालिका र वडा कार्यालयको सेवा प्रवाहलाई सहज बनाउन आवश्यक जनशक्ति व्यवस्थापन गरिने छ ।
- सवै स्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गरिने छ ।

**राजश्व र सेवा :**

- आन्तरिक आयको वृद्धि हुने किसिमका कार्यलाई प्रथामिकता दिईने छ । **"मैले तिरेको कर मेरो गाउँपालिका सम्वृद्ध बनाउने रहर"** भन्ने नाराका साथ कर तिर्न प्रोत्साहन गरिने छ ।
- जुनीचाँदे गाउँपालिका भित्र राजश्वको दायरा फराकिलो बनाई आर्थिक बृद्धिमा बढोत्तरी गरिने छ ।

**संञ्चार**

- **सबैका लागि सूचना सवैतिर संचारको** अवधारणालाई कार्यान्वयनमा ल्याउन यस जुनीचाँदे गाउँपालिकामा टेलिफोन टावर स्थापना तथा क्षमता अभिवृद्धि गर्नका लागि आवश्यक बजेट विनिवयोजन गरेको छु ।
- मजकोटमा रहेको SKY टावरको क्षमता वृद्धि तथा स्तरउन्नति सहित पाथिभरामा NTC टावर निर्माणका लागि आवश्यक पहल गरिने छ।
- गाउँपालिकाको सम्पूण वडा तथा सरकारी कार्यालयहरुलाई ईन्टरनेट सेवा प्रदान गर्नका लागि आवश्यक बजेट विनिवयोजन गरेको छु ।
- स्थानीय स्तरमा रहेका कला संस्कृतिको जगेर्ना तथा शुशासनका पक्षमा अनुसन्धान मुलक पत्रकारीता प्रोत्साहन गर्न विशेष कार्यक्रम संचालन गरिने छ ।
- रेडीयो, अन्लाईन ,पत्र पत्रीकाको माध्ययमबाट गाउँपालिकाले संचालन गरेका गतिविधिहरु प्रकासन प्रसारण गरि जनतालाई सूसुचित गर्नको लागि आवश्यक वजेट विनियोजन गरेको छु ।
- राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारिताको विकासका लागि गाउँपालिकाको आयोजनामा आधारभूत पत्रकारीका तालिमको व्यवस्था गरिने छ । संचार कर्मीको हक हित र पेशाको सुरक्षाको लागि गाउँपालिकाबाट गर्नु पर्ने आवश्यक सहयोग प्रदान गरिने छ ।

**सुरक्षा**

- जुनीचाँदे गाउँपालिकाको प्रहरी सुरक्षा आवश्यक भएको स्थानमा प्रहरी चौकी स्थापनका लागि पहल गरिने छ ।

कृष्ण बहादुर के.सी.
गाउँपालिका अध्यक्ष

Scanned by CamScanner

➢ जनताको जीउ धनको सुरक्षका लागि आवश्यक कानून निमार्ण गरि क्रमश गाउँपालिका स्तरीय गाउँ प्रहरी गठन एवं परिचालन गरिने छ ।
➢ लागू पदार्थ निषेध, मदिरा नियन्त्रण तथा सार्वजनीक भौतिक पूर्वाधार निमार्ण कार्यमा हुने अनियमितता र ढिला सुस्तीको अन्त्यका लागि मूर्त कार्यान्वयन गर्न बजेट विनियोजन गरेको छु ।
➢ स्थानीय तहमा रहेका प्रहरीको सवलीकरणका लागि आवश्यक वजेट विनियोजन गरिएको छ ।
➢ जनतालाई कानूनी प्रावधानको बारेमा जानकारी दिनका लागि प्रत्येक वडामा कानूनी अभियान संचालनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु ।

सभासदस्य ज्यूहरु,

## अनुमानित व्यय र स्रोत अनुमान

म अब माथि उल्लेखित नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि वस्ती तथा टोल स्तरीय भेला, वडा समिति, वजेट तथा कार्यक्रम तर्जूमा समिति, गाउँ कार्यपालिकाको वैठकमा घनिभूत छलफल भई स्विकृतिको लागि जुनीचाँदे गाउँपालिकाको आ.व. ०७५/०७६ को अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

यस चालु आ.व. २०७४/०७५ को आसाढ ९ गते सम्म जुनीचाँदे गाउँपालिका को मौज्दात सरेको रु.२ करोड ४२ लाख ५० हजार र आन्तरिक आय तर्फ १० लाख गरी जम्मा रु दुई करोड ५२ लाख ५० हजार आम्दानी हुने अनुमान गरिएको छ ।

आगामी आ.व. ०७५/०७६ का लागि संक्षिप्त वजेट प्रस्तुत गरेको छु । आय तर्फ आन्तरिक श्रोत तथा राजश्व बाँडफाँड बाट स्थानीय तह रु २ करोड ५० लाख ५० हजार र संघवाट रु. ७ करोड ५६ लाख २६ हजार र प्रदेशबाट २ लाख १५ हजार गरी जम्मा रु १० करोड ८ लाख ९१ हजार प्राप्त भएको छ । त्यसैगरी नेपाल सरकारवाट प्राप्त वित्तिय सम्मानिकरण संघबाट रु ७ करोड ९५ लाख र प्रदेश सरकारवाट रु ४९ लाख ८१ हजार गरी जम्मा रु ८ करोड ४४ लाख ८१ हजार र सशर्त अनुदान रु. १२ करोड १४ लाख गरी जम्मा रु. ३० करोड ६९ लाख ७२ हजार अनुमान गरिएको छ ।

व्यय तर्फ प्रशासनिक खर्च रु ७ करोड ४ लाख ४० हजार र शसर्त कार्यक्रम रु. १२ करोड १४ लाख र विषयगत शाखा तर्फको कार्यक्रम रु.४२ लाख, पुँजिगत तर्फ रु ११ करोड ९ लाख ३२ हजार गरि जम्मा रु. ३० करोड ६९ लाख ७२ हजार व्यय अनुमान गरिएको छ ।

आदरणीय सभाअध्यक्ष ज्यू

अन्त्यमा नीति कार्यक्रम तयारीको क्रममा आवश्यक निर्देशन प्रदान गर्नु हुने यस गाउँपालिकका अध्यक्ष ज्यू, गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत ज्यू, कार्यपालिकका सदस्य ज्यूहरु ,राजनीतिक दलका प्रमुख तथा प्रतिनीधि ज्यू र पूर्व जननिर्वाचित प्रतिनीधि ज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । वजेटका सिद्धान्त उद्देश्य प्रथामिकता र नीतिहरुमा व्यापक छलफल गरि गाउँसभाका सदस्यहरुले दिनु भएका सुझावको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु । वजेट छलफलको क्रममा सुझाव दिनु हुने विषयगत शाखाका प्रमुख तथा यस गाउँपालिका मा कार्यरत कर्मचारीहरु वरिष्ठ विज्ञहरु घरेलु तथा साना उद्योग लागाएत नीजि क्षेत्र तथा नागरिक समाजका बुद्धिजिविहरु, समाजिक संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु पत्रकार तथा जुनीचाँदे भित्र र बाहीर रहनु भएका दाजुभाई दिदिवहीनी हरु सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै प्रस्तुत वजेट कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग प्राप्त हुने अपेक्षा गरेको छु । धन्यवाद ।

प्रस्तुत गर्ने
जुनीचाँदे गाउँपालिका उपाध्यक्ष
शिवा आचार्य (वस्नेत)
मिति : २०७५।०३।०८



Scanned by CamScanner